**मिति २०८१।०४।१६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को प्रथम नगर कार्यपालिकाका बैठकको निर्णयहरुः**

**निर्णय नं.१** जिल्ला दररेट निर्धारण समितिबाट नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) को आर्थिक वर्ष २०८१/०८२ को लागि निर्धारित दररेटलाई नै गैंडकोट नगरपालिकाको आ.व.२०८१/०८२ को नगर दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको नगर कार्यपालिका पदाधिकारी एवं शाखा प्रमुख र वडा सचिव कर्मचारीहरुलाई यहि मिति २०८१ साउन २४ देखि २६ गतेसम्म कार्य सम्पादनलाई प्रभावकारी, गुणस्तरीय बनाई सेवा प्रवाहलाई छरितो बनाउने उद्देश्यमा रही तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** आ.व. २०८१/०८२ देखि नगर भित्रका बाटोहरुको कालोपत्रेको कार्य गर्दा अस्फाल्ट विधिबाट मात्र पिचको कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को बार्षिक समिक्षा कार्यक्रम मिति २०८१ भदौं ५ गते बुधबारका दिन विहान ८.०० बजे देखि गैंडाकोट नगर कार्यपालिकाको कार्यालयमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** नेपाल सरकार तथा स्वीस सरकारको द्विपक्षीय समझदारी अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय तहहरुको अगुवाईमा, हेल्भेटास नेपालको प्राविधिक सहयोगमा नवलपरासी (ब.सु.पू.) जिल्लाको गैंडाकोट नगरपालिकामा सेवा प्रदायक संस्था हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ), कावासोतीले आर्थिक वर्ष २०७६।०७७ देखी आर्थिक वर्ष २०८०।०८१ सम्म सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको हाल उक्त कार्यक्रम स्थानीय तहबाट कार्यान्वयन गरिने हुँदा हालसम्म निरन्तर सेवामा कार्यरत सामीका ५ जना कर्मचारीहरु गौरी ढकाल, वित्तिय साक्षरता सहजकर्ता- १ जना, ज्ञानरश्मी ढकाल, मनोसामाजिक परामर्श कर्ता- १ जना र रिटर्नि स्वयसेवक- ३ जना क्रमशः पुस्कल भट्टराई, सुदिप ढकाल र जंग बहादुर सिंजाली मगरलाई २०८१ साउन देखि २०८१ पौष मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुमा बनेका र भविष्यमा बन्ने वडा कार्यालय भवन, नगर अस्पताल, आधारभुत स्वास्थ्य ईकाइ लगाएतका भवनहरु र भवन बन्नका लागि आवश्यक जग्गाहरुलाई नगरपालिकाको मातहत ल्याउने एवं उक्त जग्गाहरुको भोकाधिकार प्राप्त गर्ने प्रयोजनका लागि गैंडाकोट नगरपालिकाका वडा नं. १ देखि १८ सम्मका सबै वडा समितिबाट स्थानीय राजनैतिक दलहरुको समेत उपस्थितिमा निर्णय समेत गरी १५ (पन्ध्र) दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि "गणित र विज्ञान शिक्षाले व्यक्तिको जीवनमा पारेको प्रभावको अध्ययन र अगामी कार्यदिशा र पेशागत सहयोग" कार्यक्रमको प्रस्ताव सहित आवश्यक कागजात पेश गर्ने तथा नियमानुसार नगरपालिकको तर्फबाट लागत साझेदारी समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको नगर क्षेत्र भित्र रहेका विद्युत पोलमा टाँगिएका विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाका तारहरु एवं अनावश्यक रुपमा रहेका विद्युतीय तारपोलहरुलाई उचित व्यवस्थापन गर्न सम्बन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरी व्यवस्थापनको कार्य गर्न कार्यालयलाई सार्वजनिक सूचना प्रकाशन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको प्रशासकीय भवन र गैंडाकोट स्वास्थ्य चौकी बीचमा रहेको नगरपालिकाको जग्गामा प्रस्तावित आधारभूत अस्पताल,वडा नं.५ को वडा कार्यालय भवन, क्यान्टिन र वडा नं. १० मा रहेको कोटिहोम परिसरमा सभा हल निर्माणको लागि विस्तृत परियोजना विवरण तयार गर्ने निर्णय गरियो ।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

Scanned with CamScanner

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको स्वास्थ्य बीमा संयोजन गठन/ सञ्चालन समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो।

संयोजकः श्री मदन भक्त अधिकारी, नगर प्रमुख

सदस्यः- श्री सुरेन्द्र प्रसाद रेग्मी, वडा अध्यक्ष वडा नं. १

सदस्यः- श्री पुष्पराज श्रेष्ठ , नगर अस्पताल प्रमुख

सदस्यः- श्री शेषकान्त देवकोटा, वडा नं. ११

सदस्यः- श्री विमला रिजाल, महिला स्वयंसेविका वडा नं. १५

सदस्यः- श्री माधव आचार्य, जनस्वास्थ्य निरिक्षक

सदस्यः- श्री सुजन अधिकारी, स्वास्थ्य बीमा दर्ता अधिकारी

सदस्य- सचिवः- श्री झलकराज पौडेल, स्वास्थ्य शाखा प्रमुख

**निर्णय नं. ११** आर्थिक बर्ष २०८१/०८२ को बहुक्षेत्रीय पोषणको एकीकृत बार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १२** भारत सरकारले प्रदान गर्ने EPTRI -CCSD-20 AUGUST-02 SEPTEMBER 2024. Civilian Training Program on "Integrated Solid Waste Management" छोटो समयाबधिको तालिममा यस कार्यालयका बाताबरण तथा विपद ब्यबस्थापन शाखामा कार्यरत कर्मचारी श्री शंकर कंडेललाई सहभागी हुन स्वीकृती प्रदान गर्ने निर्णय गरियो।

रबिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

Scanned with CamScanner